# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
# चौधौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

**१. वैधानिक सभा :**

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको सञ्चालक समितिको निर्णयानुसार बोलाइएको चौधौं बार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०६८ पौष १ गते शुक्रबार (१६ डिसेम्बर, २०११)
स्थान : उद्योग संगठन मोरङको सभाकक्ष, शहीद मार्ग, तिनपैनी, विराटनगर
समय : अपरान्ह १२:३० बजे
(हाजिरी विहान ११:३० बजे देखि १:३० बजे सम्म)

**३. उपस्थिति :**

**सञ्चालकहरूको उपस्थिती :**

| | | | |
|---|---|---|---|
| क) | श्री जगदीश प्रसाद अग्रवाल | - | अध्यक्ष (संस्थापक समुह) |
| ख) | श्री तुलसीराम अग्रवाल | - | सञ्चालक (संस्थापक समुह) |
| ग) | श्री निर्मल कूमार अग्रवाल | - | सञ्चालक (संस्थापक समुह) |
| घ) | श्री गणेशमान श्रेष्ठ | - | व्यावसायिक/स्वतन्त्र सञ्चालक |
| ङ) | श्री राजेन्द्र अर्याल | - | सञ्चालक (साधारण शेयरधनी समुह) |
| च) | श्री विरेन्द्र कुमार संघाई | - | अनुपस्थित |

**पदाधिकारीहरूको उपस्थिती :**

| | | | |
|---|---|---|---|
| क) | श्री सशिन जोशी | - | प्रमुख कार्यकारी अधिकृत |
| ख) | श्री निरज श्रेष्ठ | - | महाप्रबन्धक / कम्पनी सचिव |
| ग) | श्री पूर्णमान नापित | - | प्रमुख अडिट एण्ड कम्प्लायन्स |
| घ) | श्री प्रविण बस्नेत | - | प्रमुख -संचालन अधिकृत |
| ङ) | श्री बिश्व सुवेदी | - | कानुन अधिकृत |

साथै सभामा बैकका बहालवाला लेखा परीक्षक श्री एन अमात्य एण्ड कम्पनी का प्रतिनिधि श्री मनिष अमात्य तथा बैक संचालक समितिको सचिव श्री श्याम सापकोटाको पनि उपस्थिती रहेको थियो ।

**४. सभाको सूचना :**

चौधौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संक्षिप्त बार्षिक आर्थिक प्रतिवेदन समेत क्रमशः राष्ट्रिय दैनिक नागरीकमा २०६८ मंसिर ४ गते र कान्तिपुर राष्ट्रिय दैनिकमा २०६८ मंसिर २१ गते साधारण सभा सम्बन्धी सूचना प्रकाशित गर्नुका साथै बैंकको वेब साईटमा समेत राखी शेयरधनी महानुभावहरूलाई सार्वजनिक रूपले सुचित गरिएको थियो । चौधौ वार्षिक वार्षिक प्रतिवेदन शेयरधनीहरूले बैंकलाई उपलब्ध गराएको ठेगानामा पठाईएको थियो ।

**५. सभामा भएका छलफलका विषयहरू :**

(क) सामान्य प्रस्ताव :

१) आ.व. २०६७/६८ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६७ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६७/६८ को नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिले सिफारिस गरे बमोजिम रू. २६,२३,१०,४००.०० अर्थात प्रति शेयर २०% का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

Nepal Industrial & Commercial Bank Ltd.
Corporate Office
KTM

४) आर्थिक बर्ष २०६८/०६९ को लागि लेखापरिक्षक समितिको सिफारिस बमोजिम लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(ख) विशेष प्रस्ताव

१) अन्य उपयुक्त बैक तथा वित्तीय संस्था खोजी गरी एक आपसमा गाभ्ने वा वैदेशिक रणनितिक साझेदार लिने सम्बन्धमा आवश्यक काम कारवाहि गर्न संचालक समितिलाई आख्तियारी प्रदान गर्ने ।

(ग) विविध :

## ६. शेयरधनीहरूको उपस्थिती :

| कुल शेयधनीको संख्या | स्वयं उपस्थित | प्रतिनिधीपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३४०५९ (क-ख समुह) | १८८ | २१ | २०९ | ६३% |

## ७. गणपुरक संख्या एवम् बैधानिकता :

सभाको प्रारम्भमा सचिवले यस साधारण सभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावली र कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक गणपूरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै आजको यस सभाको अध्यक्षता गरी दिन सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपुरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ का अधिनमा रही सभा विधिवत प्रारम्भ भयो ।

## ८. सभाको अध्यक्षता :

सभाका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूको हार्दिक स्वागत गर्दै आफ्नो मन्तब्यका साथ सभाको काम कार्वाही अगाडि बढाउनु भयो ।

## ९. बार्षिक प्रतिवेदन तथा प्रस्तावहरूको प्रस्तुति :

अध्यक्षज्यूले आफ्नो मन्तब्य पढेर सुनाई सकेपछि सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०६७/६८ को नाफा नोक्सान हिसाव र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो । यसै क्रममा निम्न लिखित शेयरधनी महानुभावहरूले लिखित सुझाब, जिज्ञासा, प्रश्न, तथा मन्तव्य सभामा प्रकट गर्नु भयो:

१. अधिवक्ता श्री वंशिधर काब्रा
२. श्री भगवती प्रसाद अग्रवाल
३. श्री शंकरलाल अग्रवाल
४. श्री लक्ष्मी नारायण पोखरेल
५. श्री उद्धव प्रसाद घिमिरे (लिखित सुझाब पठाउनु भएको )
६. श्री नरसिंह लाल चखूं (लिखित सुझाब पठाउनु भएको)

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

## छलफलका क्रममा उठेका मुख्य मुख्य कुराहरूको सारांशः

साधारण सभामा मन्तव्य व्यक्त गर्ने अधिकाशं शेयरधनी महानुभावहरूले चौधौ वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना गर्दै क्षेत्रिय स्तरमा काठमाडौं बाहिर स्थापना भएर पनि आजको मितिमा राष्ट्रिय स्तरमा आर्जन गरेको शाख र प्रतिष्ठाले आफुहरूको समेत ईज्जत बढाएको धारणा राख्नु भयो ।

अधिकाशं शेयरधनी वक्ताहरूले सञ्चालक समितिले सिफारिस गरे बमोजिम प्रति शेयर २०% का दरले नगद लाभांश दिईएकोमा खुशी व्यक्त गर्दै प्रतिकुल परिस्थितिहरूको बावजुद बैंकको परिसुचकहरू हेर्दा राम्रो र सबल देखिएको र भविष्य उत्साहप्रद रहेको धारण व्यक्त गर्नुभयो ।

साधारण सभामा उपस्थित शेयरधनी वक्ताहरू मध्ये केहीले वार्षिक प्रतिवेदन समयमा प्राप्त नभएको गुनासो गर्दै सुधार गर्नुपर्ने सुझाव दिनुभयो ।

सभामा धारणा राख्ने केही वक्तामहानुभावहरूले विगत केहि समय पहिले भा.रू. अपचलनको विषयमा बैक समेतको नाम पत्रपत्रिकामा प्रकाशित भएको बिषयमा ध्यानाकर्षण गराउंनु भयो ।

केही शेयरधनी महानुभावहरूले बैकले आफ्नो सेवामा विभिन्न शुल्क लिएको विषयमा गुनासो गर्नुभयो भने केहीले साधारण सभामा आउन जान यातायात सुबिधा नपाएकोमा दुखेसो पोख्नु भयो ।

साधारण सभामा बोल्ने केहि शेयरधनी वक्ताहरूले बैकमा संचालित खाताहरू मध्ये कुन कुन खाताको विमा गरिएको हुन्छ सोको जानकारी पाउंन अनुरोध गर्दै शेयरधनीहरूबाट समय समयमा दिईएका सल्लाह र सुझाबहरू लागु गरे नगरेको बिषयमा समेत जिज्ञासा राख्नु भयो ।

सभामा मन्तव्य राख्ने शेयरधनी महानुभावहरू मध्ये केहिले विदेशी बैकहरूमा विदेशी मुद्रामा भएको लगानी तथा व्याज र आम्दानीको विषयमा चासो व्यक्त गर्दै बैकको भाडा लगायत संचालन खर्चमा भएको वृद्धी, विज्ञापन खर्च, चन्दा खर्च, वार्षिक साधारण सभाको खर्च, बैकको समग्र सुरक्षा खर्च, मार्जिन लेन्डीङ कर्जा शिर्षक अन्तर्गत बैकले गरेको लगानी, बैक संचालक समितिका अध्यक्ष तथा सदस्यहरूको भत्ता, बैकको पूजी वृद्धी जस्ता बिषयहरूमा समेत चासो व्यक्त गर्नु भयो ।

त्यसैगरी केहि शेयरधनी वक्ताले बैकमा पर्याप्त मात्रामा रिजर्भ पूजी भएकोले नगद लाभाशंमा अझै वृद्धी गर्न सकिने थियो भन्ने धारणा व्यक्त गर्दै बैकको सहायक वा नियन्त्रित कम्पनी खोल्ने बिषयमा समेत जिज्ञासा राख्नु भयो ।

सभामा बोल्ने वक्ताहरू मध्ये केहिले Bid bond / Performance bond अन्तर्गत देखाईएको दायित्व बारेमा स्पष्ट पार्न समेत आग्रह गर्नु भयो ।

त्यसैगरी शेयरधनी महानुभावहरूले विषेश प्रस्ताव अन्तर्गत प्रस्ताव गरिएको अन्य उपयुक्त बैक तथा वित्तीय संस्था खोजी गरी एक आपसमा गाभ्ने वा वैदेशिक रणनितिक साझेदार लिने सम्बन्धमा समेत उत्सुकतापुर्वक चासो व्यक्त गर्नु भयो ।

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरूको प्रत्युत्तरको प्रस्तुतिकरण :**
**अध्यक्षज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशिन जोशीज्यूले दिनु भएको समुहगत जवाफ :**

बैंकको वार्षिक प्रतिवेदनको गहन अध्ययन गरेर विभिन्न शेयरधनिमहानुभावहरूले आ-आफ्ना अमुल्य धारणा राख्नु भएकोमा खुसी व्यक्त गर्दै बैंकले प्राप्त गरेको सफलता प्रति शेयरधनी महानुभावहरूले देखाउनु भएको विश्वास प्रति धन्यवाद ज्ञापन गर्नुभयो । उहांले शेयरधनी महानुभावहरूले दर्शाउनु भएको आस्था र समर्थनबाट नै बैंक एक पछि अर्को फड्को मार्दै यस स्थानसम्म आईपुग्न सफल भएको र बैंकको ब्यवस्थापन अझ उत्साहित र उर्जायुक्त भएको बताउनु भयो ।

शेयरधनीहरूलाई कम्पनी ऐनमा रहेको कानुनी प्राबधान अनुसार राष्ट्रिय दैनिकहरूमा सूचना प्रकाशित गरी वार्षिक साधारण सभा बारे सूचित गरिएको तथा उक्त सुचना संगै संक्षिप्त आर्थिक विवरण समेत प्रकाशित गरेको साथै वार्षिक प्रतिवेदन यथासमयमा नै शेयरधनी महानुभावहरूको घर ठेगानामा प्रेषित गरिएको र बैंकको Website मा समेत राखिएको जानकारी गराउनु भयो । घर ठेगाना स्पष्ट नभएको र फोन नंम्बर परिवर्तन भएको कारण केही शेयरधनी महानुभावहरूमा जानकारी पुऱ्याउन असुविधा भएको स्वीकार गर्दै ठेगाना अध्यावधिक गरीदिन हुन अनुरोध गर्नु भयो र आगामी बर्षहरूमा यसमा सुधार गर्न हर-सम्भव प्रयास गरीने प्रतिवद्धता जनाउनु भयो ।

भा. रू. अपचलन बिषयमा विभिन्न पत्रपत्रिकामा बैंक समेतको नाम मुछिएको सम्बन्धमा शेयरधनी महानुभावहरूले उठाएको जिज्ञासाको उत्तर दिदै प्रमुख कार्यकारी अधिकृतले बैंकले डिमाण्ड ड्राफ जारी गर्दा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम लिनुपर्ने कागजातहरू लिएर असल नियतका साथ जारी गरेको जानकारी गराउनु भयो र सो सम्बन्धमा हाल वित्तीय क्षेत्रको नियमन निकाय नेपाल राष्ट्र बैंकले उच्चस्तरिय कमिटी गठन गरी आवश्यक अनुसन्धान समेत गरीरहेको जानकारी गराउनु भयो ।

शेयरधनी महानुभावहरूले उठाएको बैंकले लिने विभिन्न शुल्कको जिज्ञासा बारे जवाफ दिने क्रममा प्रमुख कार्यकारी अधिकृतले बैंक संचालन गर्दा संचालन खर्च लाग्ने हुंदा बैंकिङ्ग सेवा दिंदा केहि शुल्क लिनु स्वभाभिक भएको बताउनु भयो । उहांले शेयरधनीहरूलाई लाभाशं वाहेक अन्य सुबिधा दिन हालको नियम कानूनले नमिल्ने जानकारी गराउंनु भयो ।

बैंकमा संचालित खाताहरू मध्ये "NIC Life Savings" मा दुर्घटना विमा र जिवन विमा रहेको साथै "NIC Shareholders Savings" र "NIC Remits Savings" मा दुर्घटना विमा सुविधा रहेको जानकारी गराउंनु भयो ।

शेयरधनी महानुभावहरूले विभिन्न माध्यामहरू बाट उपलब्ध गराएको सल्लाह सुझाबहरूलाई गम्भिर्यताका साथ लिई उपयुक्त सुझावहरू लाई व्यवहारमा कार्यन्वयन गर्ने गरेको जानकारी गराउंनु भयो ।

विदेशी मुद्रामा भएको लगानी तथा व्याज र आम्दानीको विषयमा शेयरधनीहरूबाट उठाएको जिज्ञासामा प्रमुख कार्यकारी अधिकृतले बैकले आफ्नो वित्तीय स्वार्थलाई ध्यानमा राख्दै अन्तराष्ट्रिय मापदण्डको माथिल्लो स्तरका बैकहरूमा मात्र विदेशी मुद्रा लगानी गरेको जानकारी गराउनु भयो ।

त्यसैगरी गतबर्षको तुलनामा बैंकको ८ वटा नयां शाखाहरू वृद्धी संगै समयानुरूप घर भाडामा समेत वृद्धी, थप कर्मचारी भर्ना, विद्युत, मसलन्द, सुरक्षा, ईन्धन/यातायात आदी संचालन खर्चमा वृद्धी भएको भन्दै संस्थापना लागत प्रति व्यबस्थापन संवेदनशिल रहेको जानकारी गराउनु भयो । वर्तमान प्रतिस्प्रधी वातवरणमा बैंकिङ्ग व्यवशाय गर्न विज्ञापन अनिवार्य आवश्यता भएकोले समेत विज्ञापनमा खर्च देखिएको सोको प्रतिफल प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

Nepal Industrial & Com... Ltd. Corporate Office KTM

संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा शेयरधनीले उठाएको जिज्ञासा लाई मेटाउने क्रममा उहांले बैकले नितिगत रूपमा नै निर्णय गरी NIC Bank Foundation मार्फत बैकले आर्जन गरेको बार्षिक खुद मुनाफाको ०.५ प्रतिशत अंश छुट्ट-याएर बिभिन्न सामाजिक लोकोपकारका कार्यहरू संचालन गर्दै आईरहेको जानकारी गराउनु भयो

वार्षिक साधारण सभाको खर्च सम्बन्धमा उठेको जिज्ञासाको उत्तरमा प्रमुख कार्यकारी अधिकृतले वार्षिक साधारण सभाको खर्च केवल सभा आयोजनाको मात्र खर्च नभई पटक पटक राष्ट्रिय स्तरको पत्रपत्रिकामा सुचना प्रकाशित गर्ने, वार्षिक प्रतिवेदन छाप्ने र शेयरधनीहरू लाई वितरण गर्ने लगायत सम्पूर्ण खर्चहरू त्यसमा समाहित रहको जानकारी गराउंनु भयो ।

शेयरधनीहरूबाट उठाईएको मार्जिन लेन्डीङ कर्जा सम्बन्धमा जवाफ दिदै प्रमुख कार्यकारी अधिकृतले बैकको कुल कर्जा लगानी करिव रू. १५ अरबमा मार्जिन लेन्डीङ शिर्षक अन्तर्गत बैकले गरेको लगानी जम्मा १.७ प्रतिशत मात्र रहेको जानकारी गराउनु भयो ।

संचालकहरूको बैठक भत्ता सम्बन्धी बारेमा उठेको जिज्ञासामा प्रमुख कार्यकारी अधिकृतले संचालक समिति खर्चको सम्बन्धमा अत्यन्तै मितव्ययी रहेको अध्यक्षले बैकबाट कुनै विषेश सुविधा नलिएको, संचालक समितिका अध्यक्ष तथा सदस्यहरूको बैठक भत्ता अन्य समकक्षी बैकहरूको दांजोमा न्यून रहेको जानकारी गराउनु भयो ।

जवाफकै क्रममा उहांले नेपाल राष्ट्र बैकद्वारा तोकिएको मिति २०७० असाढ मसान्त सम्ममा बैकको चुक्ता पूंजी वृद्धी गरी रू. १६० करोड पुरयाउनु पर्ने जानकारी गराउंदै उक्त मिति सम्ममा बैकको नाफा तथा संचिती रकमले प्राथमिक पूंजी रू. २०० करोड नपुग्ने अवस्थामा आबश्यकता अनुसार शेयरधनीहरूलाई हकप्रद शेयर वा बोनश शेयर के दिन सकिन्छ, यथासमयमा आवश्यक रणनिती बनाएर अगाडी बढ्ने जानकारी गराउनु भयो ।

त्यसैगरी केही शेयरधनी वक्ताले नगद लाभाशंमा अझै वृद्धी गर्न सकिने थियो भनी राखेको जिज्ञासा मेटाउने क्रममा प्रमुख कार्यकारी अधिकृतले बैकिङ्ग व्यवशाय अत्यन्तै चुनौतिपूर्ण र जोखिमयुक्त हुने हुंदा उच्च सतर्कता एवं दुरदर्शिताका साथ उपलब्ध रिजर्भ पूजी समेतको विश्लेषण गरी प्रति शेयर २०% का दरले नगद लाभांश घोषणा गरिएको हो भन्नु भयो । जवाफकै क्रममा उहांले बैकले हाल आफनो सहायक वा नियन्त्रित कम्पनी खोल्ने कुनै निर्णय गरी नसकेको तर समयको विश्लेषण गर्दै आगामी दिनहरूमा आवश्यकताको आधारमा उचित निर्णय लिन सकिने जानकारी गराउनु भयो ।

Bid bond र Performance bond बारेमा शेयरधनीहरूले उठाएको जिज्ञासामा उहांले भन्नुभयो : Bid bond भनेको कुनै ग्राहकले Tender हाल्दा ग्यारेन्टी गरिएको रकम र Performance bond भनेको Tender award भएपछी जारी गरीने ग्यारेन्टी रहेको जानकारी गराउंनु भयो ।

त्यसैगरी शेयरधनी महानुभावहरूले विशेष प्रस्ताव अन्तर्गत प्रस्ताव गरिएको अन्य उपयुक्त बैक तथा वित्तीय संस्था खोजी गरी एक आपसमा गाभ्ने वा वैदेशिक रणनितिक साझेदार लिने बारेको जिज्ञासामा उहांले आजको मितिसम्म कोही कसै संग पनि यस सन्दर्भमा कुरा अगाडी नबढाई सकिएको जानकारी गराउंदै शेयरधनीहरूलाई Value addition हुने अबस्था सिर्जना हुने गरी कहिं कतैबाट प्रस्ताव आएमा अगाडी बढ्न सोच्न सकिने स्पष्ट पार्नु भयो ।

जवाफको अत्यमा प्रमुख कार्यकारी अधिकृतले शेयरधनी महानुभावहरूले दर्शाउनु भएको सहनशिलता र धैर्यताका लागि कृतज्ञता प्रकट गर्नुभयो ।

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

## १०. सभाको निर्णय :

**(क) सामान्य प्रस्ताव :**

१) छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको (१) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गरीयो ।

२) विषय सूचीको (२) बमोजिम लेखापरीक्षकको प्रतिवेदनसहितको २०६८ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६७/६८ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछी छलफल पश्चात् सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गरीयो ।

३) विषय सूचिको (३) बमोजिम संचालक समितिले सिफारिस गरेको ३२ आषाढ २०६८ मा समाप्त भएको आर्थिक बर्षमा संचित नाफाबाट रू. २६,२३,१०,४००.०० अर्थात प्रति शेयर २०% को दरले लाभांश दिने प्रस्तावलाई स्वीकृती प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४) बिषय सुचिको (४) बमोजिम आर्थिक बर्ष २०६८/०६९ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएपछी साविक बहालवाला लेखा परिक्षक श्री एन अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट लाई साविक पारिश्रमिक रू. १,५०,०००.००/-(अक्षरूपी एकलाख पचासहजार) मा १० प्रतिशत वृद्धी गरी पारिश्रमिक दिने गरी पुनः लेखापरिक्षकमा नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ख) विशेष प्रस्ताव :

१) कम्पनी ऐन २०६३ र बैकको नियमावलि मा व्यबस्था भए बमोजिम गणपुरक संख्या पुगेको सभाले छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको विशेष प्रस्ताव (१) अन्य उपयुक्त बैक तथा वित्तीय संस्था खोजि गरी एक आपसमा गाभ्ने वा वैदेशिक रणनितिक साझेदार लिने सम्बन्धमा आवश्यक काम कारवाहि गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गरीयो ।

(ग) विविधः

विविध अन्तर्गत कुनै एजेण्डा नभएकोले सभाको अत्यमा बैकको संस्थापक "समुह क" का शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरु तथा व्यवसायिक संचालकको कार्यकाल समाप्त भएकोले संस्थापक "समुह क" का शेयरधनीहरुले सर्वसम्मत निर्णय गरी आगामी कार्यकाल(४ बर्ष)का लागि संचालक समितिमा प्रतिनिधित्व गर्ने गरी प्राप्त हुन आएको नामावली सभामा पढेर सुनाईयो । जसअनुसार संस्थापक "समुह क" का तर्फबाट देहायमा उल्लेखित संस्थापक शेयरधनीमहानुभावहरुले संचालक समितिमा प्रतिनिधित्व गर्नुहुने जानकारी गराईयो ।

(क) श्री जगदीश प्रसाद अग्रवाल– संचालक प्रतिनिधि
(ख) श्री तुलसीराम अग्रवाल– संचालक प्रतिनिधि
(ग) श्री लोकमान्य गोल्छा– संचालक प्रतिनिधि
(घ) श्री विशाल अग्रवाल – संचालक प्रतिनिधि
त्यसैगरी व्यवसायिक संचालकमा श्री गणेशमान श्रेष्ठलाई आगामी दुई बर्षको लागि नियुक्ती गरिएको जानकारी गराईयो । ततपश्चात सभाबाट करतल ध्वनीका साथ स्वागत गर्दै बधाई ज्ञापन गरियो ।

ततपश्चात अध्यक्ष ज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृतले संस्थापक समुह “क” बाट सर्वसम्मतिले मनोनयन भई आउनु भएका संचालकहरू तथा व्यवसायिक संचालक लाई स्वागत गर्दै कार्यकाल समाप्त भई अवकाश लिन लाग्नु भएका संचालक श्री निर्मल कुमार अग्रवाल लाई उहांको कार्यकालमा उहांले दिनुभएको योगदान प्रति धन्यवाद व्यक्त गर्नु भयो ।

त्यसैगरी बैकको बाह्रौ वार्षिक साधारण सभामा बैकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक थप तथा संशोधन गर्ने एजेण्डा सर्वसम्मत्तीबाट पारित गरेकोमा नेपाल राष्ट्र बैकले मिति २०६६ चैत्र २९ मा गरेको सदर र संशोधन लाई सदर तथा संशोधन गरेको हदसम्म प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालय बाट अभिलेख प्रमाणित गराउन संचालक समितिलाई निर्देशन तथा अख्तियारी सभाबाट सर्वसम्मतिले दियो ।

तत्पश्चात् अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको छलफलको सूचीमा परेको सम्पूर्ण विषयहरू सामान्य र विशेष प्रस्तावको रूपमा सभामा पेश भएको र सोमा छलफल भई प्रस्तुत प्रस्तावहरू सभाबाट पारित भएको घोषणा गर्नुभयो ।

अन्त्यमा अध्यक्षज्यूले बार्षिक साधारण सभाको माध्यमबाट शेयरधनी महानुभावहरूले गर्नु भएको सहृदय समर्थनको लागि आभार प्रकट गर्दै आजको यो चौधौ बार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

निरज श्रेष्ठ
कम्पनी सचिव

जगदीश प्रसाद अग्रवाल
अध्यक्ष